# नेपाल दूरसञ्चार प्राधिकरण

**जमल, काठमाडौं**

**सूचना नं.१/२०७८/७९**

## कार्यक्षमताको मूल्यांकनद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०८/१९ गते)**

लोकसेवा आयोगको सहमतिमा नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरुको (सेवाका शर्त सम्बन्धी) विनियमावली, २०७६ मा उल्लिखित व्यवस्थाका आधारमा यस प्राधिकरणमा रिक्त देहायका पदहरु कार्यक्षमताको मूल्यांकनको आधारमा बढुवा गरी पूर्ति गर्नुपर्ने भएकोले दरखास्त दिने अन्तिम मितिसम्ममा बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धित सेवा/समूहको पदमा तोकिएको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्राधिकरणको कार्यालय जमल, काठमाडौं, मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखामा प्राप्त हुने गरी रित पूर्वकको दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्षमता सूचना नं. | पद | श्रेणी | सेवा/समूह | पद संख्या |
|---|---|---|---|---|
| १/२०७८-७९ | बरिष्ठ निर्देशक | अधिकृत बरिष्ठ | - | २ |
| २/२०७८-७९ | निर्देशक | अधिकृत प्रथम | प्राविधिक | १ |
| ३/२०७८-७९ | निर्देशक (अनुगमन) | अधिकृत प्रथम | प्रशासन वा प्राविधिक | १ |
| ४/२०७८-७९ | उपनिर्देशक | अधिकृत द्वितीय | प्रशासन/आर्थिक प्रशासन | १ |
| ५/२०७८-७९ | उपनिर्देशक | अधिकृत द्वितीय | प्रशासन/कानून | १ |
| ६/२०७८-७९ | उपनिर्देशक | अधिकृत द्वितीय | प्राविधिक/इन्जिनियरिङ्ग | १ |

**नोट :**

१. उम्मेदवारले दरखास्तसाथ आफूले प्राप्त गरेको जेष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालिम सहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२. आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग, तथा पिछडिएको क्षेत्रमा स्थायी बसोवास भएका उम्मेदवारहरुले नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरुको (सेवाका शर्त सम्बन्धी) विनियमावली, २०७६ को विनियम ४९ मा उल्लेख भएका तत् तत् कागजातहरुको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।

३. दरखास्त फाराम प्राधिकरणको वेभसाईट www.nta.gov.np बाट Download गर्न सकिनेछ ।

४. बढुवाको लागि पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु स्पष्ट, द्विविधारहित र मूल्याङ्कन गर्न सकिने किसिमको हुनु पर्नेछ । अन्यथा स्पष्ट कागजातका आधारमा मूल्याङ्कन गरिनेछ ।

३. तोकिएको अवधि भित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रुपमा समावेश गरिने छैन ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# नेपाल दूरसञ्चार प्राधिकरण

**जमल, काठमाडौं**

**सूचना नं.२/२०७८/७९**

## आन्तरिक प्रतियोगिता र खुल्ला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०८/१९ गते)**

लोकसेवा आयोगको सहमतिमा यस प्राधिकरणमा रिक्त देहाय बमोजिमका पदहरुमा आन्तरिक प्रतियोगिता, खुला/समावेशी पदहरुमा लोक सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसीलमा उल्लिखित योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा/समूह | आ.प्र., खुल्ला, समावेशी | माग पद संख्या |
|---|---|---|---|---|---|
| १/२०७८-७९ | उपनिर्देशक | अधिकृत द्वितीय | प्राविधिक/ईन्जिनियरिङ्ग | आ.प्र. | १ |
| २/२०७८-७९ | उपनिर्देशक | अधिकृत द्वितीय | प्राविधिक/ईन्जिनियरिङ्ग | महिला | १ |
| ३/२०७८-७९ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन/प्रशासन | खुला | १ |
| ४/२०७८-७९ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन/प्रशासन | आ.ज. | १ |
| ५/२०७८-७९ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन/प्रशासन | मधेशी | १ |
| ६/२०७८-७९ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन/प्रशासन | दलित | १ |
| ७/२०७८-७९ | सहायक निर्देशक | अधिकृत तृतीय | प्राविधिक/इन्जिनियरिङ्ग | खुल्ला | २ |
| ८/२०७८-७९ | सहायक निर्देशक | अधिकृत तृतीय | प्राविधिक/इन्जिनियरिङ्ग | अपांग | १ |
| ९/२०७८-७९ | सहायक | सहायक प्रथम | प्रशासन/प्रशासन | खुल्ला | १ |

१) **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता

२) **सेवाको किसिम :** स्थायी

३) **उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मितिसम्ममा उम्मेदवारको उमेर देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सहायक स्तरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

(ख) अधिकृत स्तरको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

(ग) महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको,

(घ) अधिकृत द्वितिय श्रेणीको पदमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

४) **दरखास्त दिने अन्तिम मिति :** यो सूचना प्रथम पटक प्रकाशित भएकोमितिले २१ दिन भित्र र दोब्बर दस्तुरको हकमा थप ७ दिन भित्र ।

५) **दरखास्त दस्तुर :**

(क) **आन्तरिक प्रतियोगिता तर्फको लागि** उपनिर्देशक, अधिकृत द्वितीय श्रेणीको लागि रु.१२००/- र सहायक निर्देशक, अधिकृत तृतिय श्रेणीको लागि रु.१,०००/-

(ख) **खुल्ला तथा समावेशी तर्फको लागि** उपनिर्देशक, अधिकृत द्वितीय श्रेणीको लागि रु.१२००/-, सहायक निर्देशक, अधिकृत तृतीय श्रेणीको लागि रु.१,०००/-, सहायक प्रथम श्रेणीको लागि रु.४००/- र त्यस पछीका प्रत्येक समावेशी समूहका लागि उपनिर्देशक, अधिकृत द्वितीय श्रेणीको लागि रु.२४०/-, सहायक निर्देशक, अधिकृत तृतीयको लागि रु.२००/- र सहायक, सहायक प्रथम श्रेणीको लागि रु.८०/-

(ग) दरखास्त दस्तुर प्राधिकरणको नबिल बैंकमा रहेको खाता नं.०१०६०११६६४२०१ मा जम्मा गरी सोको सक्कल भौचर स्पष्ट बुझिने गरी अनलाईन दरखास्त प्रणाली jobs.nta.gov.np मा प्राप्त निर्देशानुसार Upload गर्नु पर्नेछ ।

६) **दरखास्त फारम भर्नेतरिका :** दरखास्त फाराम प्राधिकरणको वेभसाइट www.nta.gov.np मा गई Career मा Click गरी खुला प्रतिस्पर्धाको लागि Application (Open) र आन्तरिक प्रतिस्पर्धाको लागि Application (Internal)मा Click गरी वा खुला प्रतिस्पर्धाको लागि jobs.nta.gov.np/Open र आन्तरिक प्रतिस्पर्धाको लागि jobs.nta.gov.np/Internal मा गई अनलाईन दरखास्त प्रणालीमा प्राप्त निर्देशानुसार भर्नु पर्नेछ ।

७) पाठ्यक्रम प्राधिकरणको वेभसाइट www.nta.gov.np मा उपलब्ध रहेकोछ ।

८) **तलब तथा सुविधा :** प्राधिकरणको नियमानुसार

९) **परीक्षणकाल :** एक वर्ष

१०) **अन्य सेवा र शर्तः** नेपाल दूरसञ्चार प्राधिकरण कर्मचारीहरुको (सेवाका शर्त सम्बन्धी) विनियमावली, २०७६ बमोजिम हुने ।

११) **लिखित परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र :** प्राधिकरणको वेभ साईट र राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा पछि प्रकाशित गरिनेछ ।

**आवश्यक न्यूनतम योग्यता**

**(क) आन्तरीक प्रतियोगिताको लागि**

अ. नेपाल दूरसञ्चार प्राधिकरणका कर्मचारीहरुको (सेवा शर्त सम्बन्धी) विनियमावली २०७६ को विनियम ४९ बमोजिम बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा अधिकृत स्तरको लागि कम्तीमा पाँच बर्ष सेवा अवधि पूरा गरेको र सहायकस्तरको पदमा तीन वर्ष सेवा अवधि पूरा गरेको र हाल कार्यरत पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको हुनु पर्नेछ ।
तर महिला, आदिवासी र जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा जन्म भई स्थायी बसोबास भएको कर्मचारी उल्लेखित सेवा अवधिमा एक बर्ष सेवा अवधि कम भए पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

**(ख) खुल्लाका लागि**

अ. उपनिर्देशक, अधिकृत द्वितिय, प्राविधिक सेवा, इन्जिनियरिङ्ग समूहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, इन्फर्मेशन टेक्नोलोजी तथा कम्युनिकेशन, इलेक्ट्रोनिक्स तथा टेलिकम्यूकेशन, रेडियो ब्रोडकास्टिङ्ग तथा रेडियो टेलिकम्यूनिकेशन वा ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा टेलिकम्यूनिकेशन मुख्य विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको र इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको र सरकारी वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्थामा कम्तीमा पाँच वर्ष अधिकृत स्तरको पदमा काम गरेको ।

आ. सहायक निर्देशक, अधिकृत तृतीय, प्रशासन सेवा, प्रशासन समूहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

इ. सहायक निर्देशक, अधिकृत तृतीय, प्राविधिक सेवा, इन्जिनियरिङ्ग समूहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, इन्फर्मेशन टेक्नोलोजी तथा कम्युनिकेशन, इलेक्ट्रोनिक्स तथा टेलिकम्यूकेशन, रेडियो ब्रोडकास्टिङ्ग तथा रेडियो टेलिकम्यूनिकेशन वा ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा टेलिकम्यूनिकेशन मुख्य विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको र इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको ।

ई. सहायक, सहायक प्रथम, प्रशासन सेवा, प्रशासन समूहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको ।

**पुनश्चः**

**समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ख) मधेशीका हकमा नेपाल सरकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**पदपूर्ति सम्बन्धी थप जानकारी लिनु परेमा यस प्राधिकरणको मानव संशाधन विकास तथा आन्तरिक प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।**

**सदस्य सचिव**
**पदपूर्ति समिति**